# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव डा. नरसिंहनारायण सिंह शिक्षा-सम्बन्धी वार्ता गर्न अमेरिकाको वाशिङ्टनतर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री रमेशजंग थापालाई मिति २०४५।१२।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,<br>
कर्णध्वज अधिकारी<br>
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## कृषि मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०४५।२।३ को निर्णयानुसार नेपाल कृषि सेवा, भेटेरीनरी समूह, राजपत्राङ्कित तृतीय श्रेणीको पदमा देहायका व्यक्तिहरूलाई एक वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी देहायबमोजिम पदस्थापन गरिएको छ ।

| सि. नं. | नाम र थर | पदस्थापन भएको पद, पदसंकेत नं. र कार्यालय |
|---|---|---|
| १. | डा. श्री परशुराम भुसाल | सहायक पशु चिकित्सक, कृ.प. ०७।१३२ पशु चिकित्सालय, लमजुङ । |
| २. | डा. श्री सीताराम अर्याल | सहायक पशु चिकित्सक, कृ.प. ०७।३७ पशु चिकित्सालय, सुर्खेत । |
| ३. | डा. श्री केशवप्रसाद प्रेमी | सहायक पशु चिकित्सक, कृ.प. ०७।९८ पशु चिकित्सालय, रोल्पा । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।